# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

प्रेस विज्ञप्तिः २०७२।१०।२९ गते ।

आरोपपत्र दायर गरिएको ।
-----------------------------

पूर्व सशस्त्र प्रहरी महानिरीक्षक वासुदेव वली मिति २०६३ वैशाख २९ देखि २०६५ चैत्र ३१ गते सम्म सशस्त्र प्रहरी महानिरीक्षकको पदमा कार्यरत रहँदा, सामान ढुवानी नै नगरी ढुवानी गरेको भनि झुठ्ठा बिल भरपाई पेश गरी भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा निजकै आदेश/निर्देशनमा सामान ढुवानी नै नगरी, संचालनमा नभएका/नरहेका ट्रान्सपोर्ट कम्पनीहरुको झुठ्ठा बिल भरपाई तथा पत्रहरू तयार गर्नुका साथै संगठन मै कार्यरत नरहेका/नभएका कर्मचारीहरु समेतका नाउमा ढुवानी प्रयोजनको लागी भनि पेश्की रकम दिएको देखाई नक्कली बिल भरपाई तथा कागजात पेश गर्न लगाई रु. १,१४,५४,०४९।५० (अक्षरुपी एक करोड चौध लाख चौवन्न हजार उन्नपचास रुपैया पैसा पचास) बराबरको रकम आफुहरुलाई गैरकानूनी लाभ पुऱ्याई नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याउने कार्य गरी भ्रष्टाचार गरेको पुष्टी हुन आएकोले सो कार्यमा संलग्न देहाय बमोजिमका कर्मचारीहरु उपर देहाय बमोजिमको मागदाबी सहित आज बिशेष अदालत काठमाण्डौमा आरोप पत्र दायर गरिएको छ।

| सि.नं. | दर्जा | नामथर | बिगो रकम | सजाय मागदाबी |
|---|---|---|---|---|
| १. | पूर्व सशस्त्र प्रहरी महानिरीक्षक | वासुदेव वली | रु. १,१४,५४,०४९।५० | भ्र.नि.ऐन २०५९ को दफा ८(१) |
| २. | पूर्व सशस्त्र प्रहरी नायब उपरीक्षक | महेन्द्र बहादुर कार्की | रु. १,१४,५४,०४९।५० | भ्र.नि.ऐन २०५९ को दफा ८(१) |
| ३. | स.प्र.नि. | विन बहादुर थापा | रु. १,१४,५४,०४९।५० | भ्र.नि.ऐन २०५९ को दफा ८(१) |
| ४. | स.प्र.नि. | मनुहिरा महत | रु.२८,१८,५१५।- | भ्र.नि.ऐन २०५९ को दफा ८(१) |
| ५. | स.प्र.नि. | शिव बहादुर अधिकारी | रु.७,०३,०३५।- | भ्र.नि.ऐन २०५९ को दफा ८(१) |
| ६. | स.प्र.ना.नि. | देवेन्द्र कुमार श्रेष्ठ | रु.५,६०,९५२।५० | भ्र.नि.ऐन २०५९ को दफा ८(१) |
| ७. | स.प्र.ना.नि. | लेख बहादुर खत्री | रु.४५,२०,२७३।- | भ्र.नि.ऐन २०५९ को दफा ८(१) |

@NepalCIAA

FIGHT AGAINST CORRUPRION